**प्राथमिक तह कक्षा एक भर्ना (Primary One Admission) (POA) 2026**
**केन्द्रीय विनियोजन (Central Allocation) का लागि विद्यालयहरूको छनोट**

(1) विवेकाधिकार स्थान (discretionary place) प्रस्ताव नगरिएका बालबालिकाहरूले केन्द्रीय विनियोजन (Central Allocation) मा भाग लिनेछन्। अभिभावकहरूलाई 'विद्यालय छनोट फारम (Choice of Schools Form)' सङ्कलन गर्न **कभरिङ लेटर र आफ्नो हङकङ परिचयपत्र (Hong Kong Identity Card) ल्याउन** अनुरोध गरिएको छ र तल तोकिएको मिति र समयमा 3 वटा केन्द्रीय विनियोजन केन्द्रहरू (Central Allocation Centres) मध्ये कुनै एकमा पूरा गरिएको फारम फिर्ता गर्न अनुरोध गरिएको छ:

**मिति : 24 जनवरी (शनिबार) वा 25 जनवरी (आइतबार) 2026**
**समय :** बिहान 9:30 बजेदेखि 12:30 बजेसम्म र दिउँसो 1:30 बजेदेखि 4:30 बजेसम्म।
**केन्द्रीय विनियोजन केन्द्र (Central Allocation Centre) (निम्न मध्ये कुनै एक केन्द्र):**

**हङकङ आइल्याण्ड (Hong Kong Island)**
Rm 1421AB, Wu Chung House,
213 Queen’s Road East, Wan Chai, Hong Kong

**काउलुन (Kowloon)**
School Places Allocation Section (POA)
Podium Floor, West Block,
Education Bureau Kowloon Tong Education Services Centre,
19 Suffolk Road, Kowloon Tong, Kowloon

**नयाँ क्षेत्रहरू (New Territories)**
N.T. Heung Yee Kuk Yuen Long District Secondary School
123 Kau Yuk Road, Yuen Long, New Territories

(2) **‘विद्यालय छनोट फारम (Choice of Schools Form)’ को भाग A भर्दा, अभिभावकहरूले कुनै पनि विद्यालय नेटबाट 3 वटासम्म विद्यालयहरू छनौट गर्न सक्छन्।** यदि अभिभावकहरूले POA आवेदन फारमहरूमा आफ्ना बच्चाहरूले सिकाइ माध्यमको रूपमा चिनियाँ भाषा प्रयोग गर्न सक्दैनन् भनेर संकेत गरेका छन् भने, **भाग B भर्दा उनीहरूले आफ्नो गृह नेट* मा विद्यालयहरू छनौट गर्न सक्छन्।** ‘विद्यालय छनोट फारम (Choice of Schools Form)’ भर्नु अघि कृपया ‘विद्यालय छनोट फारम कसरी पूरा गर्ने भन्ने बारे नोटहरू (Notes on How to Complete the Choice of Schools Form)’ ध्यानपूर्वक पढ्नुहोस्।

(3) व्यक्तिगत विद्यालय नेटहरूको विद्यालय सूचीहरू बच्चाले पढिरहेको किन्डरगार्टन वा किन्डरगार्टन-सह-बाल हेरचाह केन्द्र, Education Bureau (EDB) को वेबसाइट (www.edb.gov.hk), EDB को 24-घण्टा स्वचालित टेलिफोन सोधपुछ प्रणाली (24-hour Automatic Telephone Enquiry System) (फ्याक्सिमाइल सेवा: 2891 0088) वा School Places Allocation Section (POA) बाट प्राप्त गर्न सकिन्छ।

### *केन्द्रीय विनियोजन (Central Allocation) को नतिजा प्रकाशन*

केन्द्रीय विनियोजन (Central Allocation) को नतिजा 3 जुन 2026 मा प्रकाशित हुनेछ।

### *सोधपुछ*

यदि तपाईंलाई सोधपुछ छ वा थप जानकारी चाहिन्छ भने, कृपया केन्द्रीय विनियोजन केन्द्र (Central Allocation Centre) का कर्मचारीहरूलाई सम्पर्क गर्नुहोस्, EDB को POA वेबसाइट [पथ: EDB को वेबसाइट (www.edb.gov.hk) > Education System and Policy > Primary and Secondary Education > School Places Allocation Systems > Primary One Admission System] हेर्नुहोस् वा School Places Allocation Section का श्री Jimmy WAN (टेलिफोन: 2832 7640) वा सुश्री Esther CHAN (टेलिफोन: 2832 7636) लाई सम्पर्क गर्नुहोस्।

[अंग्रेजी र नेपाली/उर्दू/हिन्दी/तागालोग/थाई/बहासा इन्डोनेसिया/पञ्जाबी (भारतीय)/भियतनामी संस्करणहरू बीच भिन्नता भएमा, अंग्रेजी संस्करण लागू हुनेछ र प्रबल हुनेछ।]

---

* कृपया “विद्यालयहरूको छनौट फारम कसरी भर्नु पर्ने सम्बन्धी टिप्पणीहरू” (“Notes on How to Complete the Choice of Schools Form”) को बुँदा (4) लाई पनि हेर्नुहोस्।